## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६(२) सँग सम्बन्धित थप विवरणहरू:

**१. सञ्चालक समितिको प्रतिवेदन**
यसै वार्षिक प्रतिवेदनमा संलग्न गरिएको ।

**२. लेखापरीक्षकको प्रतिवेदन**
यसै वार्षिक प्रतिवेदनमा संलग्न गरिएको ।

**३. लेखापरीक्षण भएको वित्तीय विवरण**
यसै वार्षिक प्रतिवेदनमा संलग्न गरिएको ।

**४. कानूनी कारवाही सम्वन्धी विवरण :**

(क) **त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए :**
ब्यावसायिक कारोवारको सिलसिलामा दायर भएका मुद्दा वाहेक अन्य कुनै उल्लेखनीय मुद्दा नरहेको ।

(ख) **संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको बिरुद्ध प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए:**
प्रतिवेदन अवधिमा यस सम्बन्धमा कम्पनीलाई कुनै सूचना तथा जानकारी प्राप्त नभएको ।

(ग) **कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर भएको भए :**
यस सम्बन्धमा कम्पनीलाई कुनै जानकारी प्राप्त नभएको ।

**५. वित्तीय संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**

(क) **धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोवार सम्वन्धमा व्यवस्थापनको धारणा :**नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एकसचेन्जको सुपरिवेक्षणमा सञ्चालित सेयर कारोवारको मूल्य माग र आपूर्तिको सिद्धान्तआधारित हुने भएकोले यस सम्बन्धमा कम्पनीको कुनै धारणा नरहेको ।

(ख) **गत बर्षको प्रत्येक त्रैमासिक अवधिमा बैकको शेयरको अधिकतम, न्युनतम र अन्तिम मूल्यका साथै कुल कारोवार शेयर सङ्ख्या तथा कारोवार सङ्ख्या :**
आ.व ०७३/०७४ मा कम्पनीको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार सङ्ख्याको विवरण देहाय बमोजिम रहेको छ । (नेपाल स्टक एक्सेन्ज लिमिटेडको वेबसाईट www.nepalstock.com अनुसार) २०७३/११/३० मा साबिक महालक्ष्मी विकास बैक र यती डेभलपमेण्ट बैक लि. मर्ज गर्ने सम्झौता भए अनुसार रोक्का रहेको शेयर २०७४ श्राावण पछाडि रोक्का फुकुवा भएकाले सोही अनुसारको विवरण उल्लेख भएको छ ।

| **विवरण** | **२०७४ असार मसान्त** |
|---|---|
| अधिकतम मूल्य | २४५ |
| न्यूनतम मूल्य | २२४ |
| अन्तिम मूल्य | २१९ |
| कुल कारोवार भएको शेयर संख्या | २८२ |
| कुल कारोवार दिन | १९ |

## ६. समस्या र चुनौती

### (क) आन्तरिक समस्या तथा चुनौती :

- कारोबार तथा शाखाहरु वृद्धि सँगसँगै सञ्चालन जोखिम व्यवस्थापन चुनौतिपूर्ण हुनु,
- शाखा विस्तार तथा नयाँ सेवा शुरु गर्नको लागि आवश्यक दक्ष जनशक्तिको अभाव,
- बैंक बाट प्रदान गरिने दीर्घकालीन, मध्यकालीन, चालु पुँजी जस्ता कोषमा आधारित कर्जा तथा गैह्रकोषीय सेवाहरू उपलव्ध गराउँदा हुन सक्ने सम्भावित जोखिमहरू,
- बढ्दो सञ्चालन लागत र जनशक्ति व्यवस्थापन,
- निक्षेप तथा कर्जा लगानी व्याज दरमा हुने परिवर्तनबाट असर पर्ने जोखिमहरू,
- समयमा कर्जा असुली नभै उत्पन्न हुने आर्थिक जोखिमहरू,
- Banking Sofware मा प्राविधिक गडबडीले हुन सक्ने समस्या एब्म जोखिम,

### (ख) बाह्य समस्या तथा चुनौती :

- नेपाल राष्ट्र बैंक तथा नेपाल सरकारले जारी गर्ने नीति, निर्देशन तथा कानूनहरूमा हुने परिवर्तनले उत्पन्न हुन सक्ने सम्भावित जोखिमबाट हुने चुनौती,
- सीमित लगानी क्षेत्रमा भएको प्रतिस्पर्धा,
- लगानी मैत्री वातावरणको अभाव,
- देशको आर्थिक अवस्थामा आउने उतारचढावबाट उत्पन्न हुन सक्ने जोखिमबाट हुने चुनौती,
- विश्वव्यापी आर्थिक गतिविधिमा सुस्तता, कुल ग्रहस्थ उत्पादनको ठूलो हिस्सा ओगटेको रेमिट्यान्सको घट्दो अवस्थाले गर्दा बस्तुहरुको उपभोगमा सङ्कुचन आउने अवस्थाले कर्जा प्रवाहमा अस्थीर र निक्षेपमा समेत प्रभाव,
- बैंकिङ्ग क्षेत्रमा समय समयमा हुने तरलताको समस्या, कर्जा लगानीका अवसरहरू घट्दै जानु तथा बढ्दो जोखिमको अवस्था,

### (ग) समस्या तथा चुनौती समाधान गर्न व्यवस्थापनले अवलम्बन गरेको रणनीति :

- कम लागतको निक्षेप र बृहद सञ्जाल मार्फत व्यापार व्यवसाय वृद्धि गर्ने उद्देश्यले गरिएको शाखा विस्तार अभियान,
- रेमिट्यान्स प्रबर्द्धन,
- कर्जा लगानी प्रदान गर्दा विस्तृत अध्ययन गर्ने गरिएको,
- बैंकको नीति नियम तथा आन्तरिक नियन्त्रण प्रणाली चुस्त दुरुस्त राखिएको,
- भविष्यमा हुन सक्ने जोखिमबाट बच्न कर्मचारीहरूलाई आवश्यक तालिम दिने गरिएको
- कम्पनीको Banking Software मा हुन सक्ने प्राविधिक गडबडीबाट बच्न आवश्यक Back-up राख्ने गरिएको,
- कर्जा तथा सापट र लगानी खराब भई हुन सक्ने जोखिमवाट बच्नका लागि आवश्यक जोखिम कोषको व्यवस्था गरिएको,
- लगानीका नयाँ स्रोतहरू पहिचान गर्ने र बजारको अवस्था अनुसार ब्याजदर अन्तर कायम गर्ने,
- जोखिम व्यवस्थापनमा सुदृढीकरण तथा लगानी व्यवस्थापन गर्ने,
- चालु सेवाहरूका साथै नयाँ तथा आकर्षक सेवाहरूको सुरुवात गर्ने,

- ❖ त्यस्का लागि अल्पकालीन एव्म दीर्घकालीन रणनीती तथा कर्जा लगानीको सुरक्षित क्षेत्र पहिचान गरी कर्जा लगानी तथा न्यून ब्याजदरमा निक्षेप परिचालन गर्नु,
- ❖ सम्पत्ति तथा दायित्वको उचित ब्यवस्थापन,
- ❖ सञ्चालन खर्चको नियमित अनुगमन एवम् विश्लेषण गर्ने गरिएको,
- ❖ नयाँ बैंक तथा वित्तीय संस्थाहरूको शाखा विस्तार सँगै दक्ष जनशक्तिको अभाव देखापरेको परिप्रेक्ष्यमा बैंक वाट त्यस्ता दक्ष तथा योग्य कर्मचारीहरूको वहिर्गमनलाई रोक्न आवश्यक नीति तर्जुमा गरिनेछ ।

७. **संस्थागत सुशासन**

- ❖ ने.रा.बैंक तथा अन्य नियमन निकायबाट जारी गरीएको निर्देशन, परिपत्रको पुर्ण परिपालना गर्ने गरिएको,
- ❖ कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीलाई ब्यवस्थित गर्न आन्तरिक लेखापरीक्षक नियुक्त गर्नुको साथै लेखापरीक्षण विभागलाई समेत गठन गरिएको,
- ❖ कम्पनीको आवश्यकताअनुसार विभिन्न समितिहरू गठन गरिएको,
- ❖ सञ्चालक समितिको बैठक र विभिन्न समितिहरुको बैठक, ब्यवस्थापन समितिको बैठक नियमित रूपमा हुने गरेको,
- ❖ कम्पनीमा संस्थागत सुशासन कायम राख्न सञ्चालक समिति तथा ब्यवस्थापन कटिबद्ध रहेको,
- ❖ सम्पत्ति तथा दायित्व र जोखिम ब्यवस्थापनलाई कडाइका साथ पालना गर्ने गरिएको,

८. **धितोपत्र निष्काशन निर्देशिका २०६५ को दफा २८ अनुसार विवरणपत्रमा प्रक्षेपण गरिएका विवरणहरु मध्ये बीस प्रतिशत वा सो भन्दा बढीले फरक परेका विवरणहरु :**

यसै प्रतिवेदनमा संलग्न रहेको ।

९. **नियम २६ को उपनियम (५) संग सम्बन्धित विशेष घटना वा परिस्थिति सम्बन्धी विवरण**

यस प्रकारको विशेष घटना वा परिस्थिति नभएको ।